# तिनाउ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दोभान,पाल्पा

लुम्बिनी प्रदेश,नेपाल

प.सं. : २०८१।०८२
च.नं. :

**नदिजन्य पदार्थको उत्खनन्,घाटगद्दी एवं बिक्री गर्ने कार्यको प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना।**

प्रथम पटक प्रकाशित मितिः २०८२।०२।०२

तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२।०१।२४ को निर्णयानुसार ढुङ्गा,गिट्टी बालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ बमोजिम स्विकृत **पासकुण्ड डोल बगर क्षेत्रबाट** स्विकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा सूचनामा उल्लिखित शर्त तथा मापदण्डको अधिनमा रहि नदिजन्य पदार्थको उत्खनन् तथा बिक्री गर्नु पर्ने भएकोले इच्छुक ठूला रुपान्तरणकारी,राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाहरुले मात्र सूचना प्रकाशित भएको मितिले सात दिन भित्र आफूले खरिद गर्ने नदिजन्य पदार्थको प्रति एकाई घनमिटर को दर (नियमानुसारको कर समेत) उल्लेख गरि सिलबन्दी रुपमा यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको जानकारी गराईन्छ।

शर्तहरुः

१. ठूला रुपान्तरणकारी,राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजना भनि खुल्ने आधिकारिक निकायबाट प्रमाणित कागजात पेश गर्नु पर्नेछ।
२. सम्बन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस पत्र पेश गर्नुपर्नेछ।
३. सम्बन्धित निकायले स्विकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।
४. आयोजना सञ्चालन गर्ने गरि भएको सम्झौता पत्र संलग्न गरेको हुनु पर्नेछ ।
५. आवश्यक ढुङ्गा,गिट्टी बालुवाको परिमाण खुल्ने गरि आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन संलग्न गरेको हुनु पर्नेछ।
६. संकलित तथा निकासी भएको ढुङ्गा,गिट्टी बालुवा सम्बन्धित आयोजना बाहेक अन्यत्र प्रयोग नगर्ने आयोजना कार्यालयको प्रतिबद्धता पत्र संलग्न गरेको हुनु पर्नेछ।
७. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात चालू आर्थिक वर्षको जेठ मसान्तमा अनिवार्य रुपमा शुन्य गर्नुपर्नेछ।
८. सम्बन्धित घाटसम्म जाने बाटोको मर्मत सम्भार तथा स्तरोन्नति, बाटो सफा र धुलोमा पानी हाल्ने कार्य निकासी कर्ता स्वयंले गर्नुपर्नेछ।
९. नदिजन्य पदार्थको ओसारपसार तथा ढुवानी गर्दा प्रतिवेदनमा उल्लिखित समय सिमामा मात्र मापदण्ड अपनाई गर्नु पर्नेछ।
१०. नदिजन्य पदार्थको प्रति एकाई घन मिटर दर प्रचलित प्रदेश आर्थिक ऐन तथा गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरे भन्दा कम हुने छैन।

थप जानकारीको लागि गाउँपालिकाको राजश्व शाखामा सम्पर्क गर्न सक्नु हुनेछ।

दिनेश साह
प्रमुख प्रशासकीय अधिकृत